नेपाल समाचारपत्र
www.newsofnepal.com
2018, JUN Saturday 23

# साहित्य

छोटो कथा एउटा सानो झ्याल हो,
जहाँबाट एउटा सानो संसार चिहाइन्छ।
– लक्ष्मीप्रसाद देवकोटा

पृथ्वीको निम्ति एउटा ठूलो
भार अन्धविश्वास हो।
– मिल्टन

संस्मरण

# प्रगतिवादी साहित्यकार अग्निशिखा

मोहन दुवाल



शुकदेव नेपालसँग मेरो परिचय भएको पनि धेरै भयो। शायद २०३२ सालतिर हो उनीसँग मेरो सम्पर्क भएको। म चपलीस्थित गणेश निमाविका शिक्षक, उनी शिक्षा मन्त्रालयअन्तर्गतका कर्मचारी। हिमाञ्चल भट्टराई, बैङ्कका कर्मचारी। के.बी. महर्जन अंग्रेजी विषयका शिक्षक। लक्ष्मी महर्जन, के.बी.का श्रीमती मेरो बी.एड. पढ्दाका कक्षा-साथी। हप्तामा एकपल्ट हामी पाँचजनाको जम्काभेट हुने थलो के.बी. महर्जनको महाराजगन्जस्थित घर। निकै रमाइलो हुन्थ्यो त्यसताका। हामी पाँचजना साहित्य र विचारका सहपाठीहरू। विचारमा दह्रो अडान, वामपन्थी विचार रुचाउने भएकै कारणले शोषणका पक्ष विरोधी शिक्षक म। मार्क्सवादका थुप्रै सैद्धान्तिक कुरा हामी गर्थ्यौं। माथि उल्लेख भएका यी मित्रहरूले सम्मानपूर्वक मेरो विचारलाई सहमति दिनुहुन्थ्यो। अध्ययन कक्षाजस्तै चलाइएका कक्षाहरूमा हामी सैद्धान्तिक छलफल गरेर रमाउँथ्यौं। विचारका कुराहरू, समाज रूपान्तरणका सन्दर्भहरू, साहित्यका विविध विषयहरूमा हामी कुराकानी चलाउँथ्यौं। शुकदेव नेपाल गम्भीर प्रकृतिका एकजना युवा, जो चिन्तनशील, अध्ययनशील हुनाका साथै तर्कशील कुराहरू राख्न र पोख्न सिपालु थिए। वर्षौं दिनको उठबसपछि उनले पनि मार्क्सवादलाई आत्मासात् गरे। चपलीमा शिक्षक हुँदासम्म सम्बन्ध अटुट रह्यो। करिब दुई वर्ष हाम्रो उठबस स्मरणलायकका छन्। उनले एकपल्ट कुनै पत्रिकामार्फत प्रगतिशील बाटोमा हिँडाउने प्रथम गुरुका रूपमा मलाई स्वीकारेका सन्दर्भका कुराहरू बिर्सिनसक्नु छ।

थानकोटमा सरुवा भएपछि सम्पर्कमा निरन्तरता कायम भएन। तर पनि म सम्झिरहन्छु, शुकदेव नेपाललाई। उनी नै हुन् पत्रिकारिता क्षेत्रका र प्रगतिशील साहित्य समाजका अग्निशिखा। मैले सङ्गत गर्दा जस्तो थियो जीवनपर्यन्तसम्म नै उनी आफ्नो आस्था र अडानमा कायम रहेर आफूलाई चिनाइरहे। पत्रकारितामा आफ्नो छविलाई राष्ट्रिय रूपमा देखाउन सफल पत्रकार, स्तम्भ लेखनमा आफ्नो कलमलाई मजबुत ढंगले देखाइरहन सक्षम स्तम्भकार, साहित्य लेखनमा प्रगतिशील भावदृष्ट्रि पोख्न सिपालु प्रगतिशील साहित्यकार अग्निशिखाको अचानक अवसान भयो। उमेर छँदै उनले मृत्युवरण गरे।

महाराजगन्जमा हुने भेटघाटमा उनले आफ्नो शालीनतामार्फत हामीलाई प्रभावित तुल्याएको दृश्य हिजोजस्तै आज पनि चम्किरहेछ। थोरै बोल्ने तर तर्क गर्न माहिर इमानदार मित्र अग्निशिखा मैले सङ्गत गर्न पाएका धेरैजसो मित्रहरूमध्ये शालीन मित्रहरूझैं असल र गम्भीर प्रकृतिका मित्र हुन्। जसलाई भुल्न गाह्रो भइरहेछ। अग्निशिखा पछिल्लो कालक्रममा आफूलाई प्रगतिवादी नेपाली साहित्य र पत्रकारिता जगत्मा अग्निशिखाका रूपमा चिनाउन सफल देखिन्छन्। निरन्तर प्रयत्न र प्रयासका प्रतिरूप हुन्- अग्निशिखा।

२०३४/३५ सालदेखि नाटक र कविताका माध्यमबाट लेखन क्षेत्रमा सक्रिय रहेका यिनले रक्तबीज, इज्जत, ऊ फेरि आउनेछ, शहीदकी आमा, देश तपाईंहरूको जिम्मा नाटक/कविताका कृतिहरू प्रकाशन गरेर आफूलाई सफल लेखकका रूपमा चिनाएका हुन्। छलफलमार्फत दृष्टि चलाएर प्रतिपक्षमा रहन मन गरेर सम्बोधनका प्रवक्त-पत्रकार भए यिनी। लहर यिनको साहित्यिक रहर बन्यो। एक्काइसौं शताब्दीका व्याख्याकार रहेका यिनी प्राचीका सम्पादक रहेर नवयुगका बान्की देखाउन सफल पत्रकार बने।

अन्तर्राष्ट्रिय मामिला रोचक ढङ्गले विश्लेषण गर्न सिपालु भएकै कारणले यिनीद्वारा लेखिएका लेखहरू मन पराएर सबैले पढ्ने गर्छन्। ऐतिहासिक तथ्यसहितका यिनका विश्लेषण उच्च बौद्धिक कोटीका छन्। विश्वका प्रख्यात व्यक्तिहरूको जीवनी लेख्ने विश्लेषकका रूपमा चिनाउन सक्षम यिनी साहित्य र राजनीतिलाई जनताका पक्षमा ऊर्जाशील बनाउन चाहन्छन्। यस खालका लेखकहरू देश र समाजका लागि अत्यन्त आदर गर्नलायकका पात्रहरू हुन्। कलमलाई गद्दारहरूका समर्थनमा, देशघाती शासकहरूका पक्षमा ननिहुर्‍याएको कारणले पनि यिनको गरिमा उच्च र उल्लेखयोग्य छन्। देशभक्त चिहान, सलाम मुक्ति योद्धा, वधशाला विरुद्ध, भोल्गाले बिर्सने छैन, जोया, आस्थापुञ्ज, रोजाहरूले रोजेको जीवन प्रकाशित छन्। यी सबै कृतिहरूले विश्वजगत् र विश्वका इतिहास, साहित्यलाई चिनाउन उनी सफल छन्।

शुकदेव नेपालको जन्म २०१२ असार १८ गते बौद्ध महाङ्काल, काठमाडौंमा भएको हो। एक छोरा र एक छोरीका पिता भएर जीवन सङ्घर्षमा लाग्दालाग्दै २०६५ असोज ५ गते सोमबार ५३ वर्षको उमेरमा राति अचानक अप्ठेरो परेर हस्पिटल भर्ना गराइएका यिनी पछि शहीद गंगालाल हृदयरोग केन्द्रमा पुगेर औषधि गर्दागर्दै बिहान २ बजे हृदयाघातबाट मृत्यु भएको हो। साहित्यमा मन दिएर पत्रकारितामा तन भुलेर, राजनीतिमा आस्था जनाएर कर्तव्यपथमा लम्किरहेका यिनी एमाले प्रचार विभागका सदस्य पनि हुन्। बहुमुखी प्रतिभाका धनी व्यक्तित्व अग्निशिखा ०६४ को हृदयचन्द्र पत्रकारिता पुरस्कारबाट सम्मानित पत्रकार हुन्। थोरै वर्षमा धेरै गरेर गएका अग्निशिखा यस समाजका इमानदार व्यक्तित्व हुन्। अँध्यारो समाजवृत्तका आगोको बत्ती हुन्-अग्निशिखा। कवितामा पनि अग्निशिखा यसरी प्रतीक र विम्बमा बोल्ने गर्छन्-

*हज्जारौं वर्षअघि*
*शायद*
*मानव सभ्यताको शुरूवातसँगै*
*धरतीलाई कालो फूलले ढाक्ने*
*कुचेष्टाविरुद्ध*
*रोपिएको रातो फूल*
*आज*
*दक्षिण अफ्रिकामा मात्र होइन,*
*उत्तरी आयरल्यान्डदेखि*
*नेपाली धरतीसम्म पनि*
*राताम्य भै फुलेको छ*
*रातो फूल।*
*(फूल/उत्साह-२०४२ साउनबाट)*

कवितामा मात्र होइन नाटक, लेख-रचना, विश्वघटना प्रसङ्ग चर्चामा आफ्नो स्पष्ट दृष्टि र अडान गर्न सिपालु यिनले अमेरिकी साम्राज्यवादका विरुद्ध लेखिगएका प्रसङ्गका हरफहरू चर्चा र उल्लेख गर्न लायकका छन्। उनी यससम्बन्धमा यसरी लेख्छन्- विश्वभरका न्यायप्रेमी जनताको रगतमा चुना घोलेर पोतिएको त्यस भवनको नाम हो- ह्वाइट हाउस। यो उनको स्पष्ट विश्व-दृष्टि हो।

पछिल्लोपल्ट नयाँ पत्रिकामा कार्यरत अग्निशिखाले आफूलाई कहिल्यै पद र पैसामा बिक्न दिएनन्। शक्तिपीठहरूमा घुँडा धसेर राजनीतिक नियुक्तिमा पर्न ऱ्याल चुहाएनन्। आफ्नै आस्था र गन्तव्यमा घस्रिरहे तर बढी महत्वाकाङ्क्षा देखाएर आफूलाई गिर्न दिएनन्। धेरैले धेरै थोकको किनबेच गरे, आफूलाई धरौडीमा राखे तर यिनले आफूलाई स्वाभिमानका विम्ब बन्नबाट तल सरेर जी-हजूरी र समर्पण गरेनन्। यसैले त भन्न सकिन्छ- यिनी अग्निशिखा भएर नै गए।

पत्रकारिता र साहित्य लेखनमा समर्पित भएकै कारणले यिनी सबका प्रिय बने। सरल, इमानदार र चरित्रवान् रहेकै कारणले यिनलाई घर, समाज, देश र आफू समर्पित पार्टीले असल मित्र ठाने। धेरैथोक गरेर आफूलाई समर्पित तुल्याएकै कारणले अग्निशिखा इतिहासको गर्तभित्र सधैं रहने एउटा नाम बनेर गए। म भनिरहेछु शुकदेव नेपालभित्र उठेको अर्थात् दनदनी बलेको अग्निशिखालाई हेरेर यसरी-

*आगो हो बल्छ*
*बल्नु उसको कर्म हो*
*बल्न नसक्दा आगोको के अर्थ*
*बलिरहेकै कारणले आगो बत्तिझैं चम्किरह्यो*
*अर्थात्*
*ऊ बलिरह्यो-*
*बलिरह्यो, त्यसैले त बने- अग्निशिखा।*

पुस्तक चर्चा

## देविकाका यथार्थपरक कथाहरू

किरण श्रेष्ठ



विगत चार दशकदेखि साहित्यिक फाँटमा राष्ट्रमा आफूलाई देखाउँदै आएका देविका तिमिल्सिना कथा विधामा सक्रिय रहँदै आएका कथाकार हुन्। कथालेखनमा मात्र नभई यिनी कविता, निबन्ध, संस्मरण आदि विधामा पनि सक्रिय छन्। वि.सं. २०११ सालमा चावहिल, काठमाडौंमा जन्मेका यिनी सम्पादन क्षेत्रमा पनि आफूलाई चिनाउँदै आएका साहित्यकार हुन्। यिनी विशेषतः कथाकारका रूप चिनाउन सफल छन्। मृत्यु दोस्रो पुस्ताको (२०४४) र सीमाहीन सीमा (२०५१) कथासङ्ग्रह प्रकाशित गराएर आफ्नो कथाकार पहिचानलाई पाठकसमक्ष देखाउन आइपुगेका छन्। कथा पारखीहरूका लागि यो खुशीको खबर हो।

राजनीतिक चेतनाले व्याप्त कथाकार भएकै कारणले कथाकार देविकाले देशमा देखा परेका तीन खालका सत्ताका अनुहारहरूलाई यस कथासङ्ग्रहभित्र रहेका कथाहरूमा देखाउने प्रयत्न भएका छन्। पञ्चायती व्यवस्थाका दुःख लाग्दा निरंकुश कहरहरू, जनआन्दोलनमार्फत प्राप्त भएको प्रजातान्त्रिक सत्ताभित्रका नमिठो लाग्दो घटना-प्रसङ्गहरूका साथै लोकतान्त्रिक-गणतान्त्रिक सत्तासम्मका उराठ लाग्दो वातावरणका प्रसङ्गहरूसम्म कथामा समेट्न कथाकार सफल छन्।


यस कथासङ्ग्रहमा १७ वटा कथा सङ्गृहीत छन्। सबैजसो कथामा समाजको यथार्थ चित्रण भएका छन्। कथामा देखाइएका र चित्रण गरिएका कथावस्तुहरू स्वाभाविक रहनुका साथै कथाका भाषा सरल रहनु कथाकारको आफ्नै वैशिष्ट्यता हो भन्नुपर्छ। अवसरवादी राजनीतिको अनुहार ठाउँ-ठाउँमा पात्रहरूमार्फत देखाइएको यस कथासङ्ग्रहमा अस्वाभाविकता कतै प्रस्तुत भएको देखिँदैन।

धनीहरूप्रतिको सोच 'योजना' कथामा दुईजना वीरे र रामे उनीहरूकै भाषामा नोकर मोराहरूको गन्थन छ। आफूहरू धनी हुन नसक्नाका कारणहरूकै 'पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ' कथासङ्ग्रहको शीर्षक रहेको यस कथामा जुनसुकै शासनसत्ता आए पनि अवसरवादीहरूले अवसर छोप्ने कुराको पटाक्षेप गरिएको छ। 'काले महतो', 'लुइँटेल मास्टर', पिसिजीका गन्थनहरू यसमा समेटिएको छ। स्वाभिमान शिक्षक नरेन्द्र शर्माको अबको जीवनको कथा हो 'फूलहरू झरिरहेछन्'। 'अर्ति' कथामा मुना र विजयको अनमेल जातिबीचको विवाहका प्रसङ्गहरू, 'पसिनाको मूल्य' मा पण्डित बाबुलाल शास्त्रीका जीवन कथाहरू, 'अँधेरो अझै थपिइरहेछ' रोल्पाको कथा-व्यथाहरू, 'सम्बन्ध' मा राजनीतिक व्यवस्था परिवर्तनपछिका राजनीतिज्ञहरूका पतनका कथाहरू, 'सातबीस फाँटको शान्ति', जनयुद्धकालीन कथाका अंशहरूकै कथाहरू हुन्।

यसै गरी 'गोमा', 'मूल्यहीन अस्मिता', 'मोह तरङ्ग', 'काशीराम अत', 'आँसु', 'आदेशभित्रका पीडा', 'नरेश दाइको चश्मा', 'एउटा प्रश्न', 'पर्दाभित्रका दृश्य' सबै कथाहरूमा समसामयिक चित्रण, सामाजिक यथार्थ वर्णन, स्वाभाविक पात्र-पात्राको संवाद र व्यक्ति परिचय अनि लेखकको विचार-दृष्टि सबै कथाहरूमा छर्लङ्ग पारिएका छन्। सबैजसो कथाहरूले भन्छन्- देविका तिमिल्सिना प्रगतिशील-चेत व्याप्त समसामयिक कथाकार हुन्। कथाहरूमा गाउँले जनजीवनसँग गाँसिएका पात्रहरूको चयन हुनाका साथै सरल भाषाको प्रयोग हुनु यिनी कथाकारको वैशिष्ट्यता मान्न सकिन्छ। कथाकार देविका आफ्ना कथाहरूको सबै विम्बमा, अर्थमा र भावनामा सम्प्रेषित हुनाका कारणले सफल छन्।

## शान्तिको गहन गजल संग्रह

ज्ञानमणि नेपाल कालोटोपी



साहित्यकार शान्ति शर्माको पहिलो साहित्यिक कृति 'अम्लान फूल' बजारमा आएको छ। मर्मस्पर्शी भावहरू समेटिएको यस गजल संग्रह अम्लान फूलभित्र ६० वटा गजल समावेश गरिएका छन्। समाजमा हुने गरेका यथार्थता, आफैंले भोगेका अनुभव तथा प्रेमपरक भावहरूलाई रोचक पारामा गजलको रूपमा प्रस्तुत गरिएको अम्लान फूल आकारका हिसाबले धेरै सानो भए पनि भावका हिसाबले गहन र ठूलो रहेको छ।

*दिनभन्दा किन प्यारो रात लागेको ?*
*टहटह जूनेलीको मात लागेको*
*पारिजातलाई सुस्त भन्यो जूनले*
*सहिदिन्छु बरु तिम्रो बात लागेको*

उनका गजलहरू गीतिलयमा लेखिएका छन्। सरल भाषाशैलीमा सजिलै बुझ्न सकिने शब्दहरू भएकाले अम्लान फूलले पाठकहरूको मन सजिलै जित्न सक्छ। उत्कृष्ट कृति भएकैले हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवनले यस वर्ष गजल श्री पुरस्कार तथा सम्मान गजलकार शान्ति शर्माको यस गजलसंग्रह 'अम्लान फूल'लाई दिने निर्णय गरेको छ। गजलप्रेमी साहित्यिक मनहरूलाई अम्लान फूलले पक्कै आनन्दित बनाउनेछ।

*तिमीसँग आँखा जुधे तीर लाग्यो मलाई*
*जब तिम्रा आँखा झुके पीर लाग्यो मलाई।*

मित्रलाल शर्मा स्मृति पुस्तकालय, सोलुखुम्बुले बजारमा ल्याएको यस गजल संग्रहको मूल्य रु. १९९ अंकित गरिएको छ।

पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असार ९ देखि १५ गतेसम्म

**मेष**
तपाईंका लागि यस साताको मध्यभाग सोमबार र मंगलबार त्यति राम्रो देखिँदैन। बाँकी दिनहरू शुभ फलदायक छन्। विविध वस्तु वा सेवाको प्राप्ति होला। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। साथीभाइसँगको भेटघाट उपलब्धिमूलक हुनेछ। तर साताको मध्यभागमा भने अनावश्यक खर्च, स्वास्थ्य समस्या, चोटपटकको भय हुने देखिन्छ।

**वृष**
तपाईंका लागि यो साताको मंगलबारसम्म शुभ फलदायक छ भने बाँकी दिनहरू त्यति सन्तोषजनक देखिँदैन। शुरूका दिनहरूमा द्रव्यलाभ, खेलकुद, परीक्षा आदिमा सफलता हात लाग्ने, अड्किएका कामहरू पूरा हुने, समस्याको समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख हुने, मान-सम्मान बढ्ने देखिन्छ। बुधबारबाट भने रोगको भय, काममा बाधा-व्यवधान, आर्थिक नोक्सानी, शारीरिक कष्ट होला।

**मिथुन**
तपाईंका लागि यो साता उत्तम फल दिनेवाला छ। सामान्य प्रयासले पनि धेरै काम बन्नेछन्। शुभ समाचार सुनिनेछ। गरेका कामहरू सफल हुनेछन्। आम्दानीको स्रोत बढ्नेछ। साथीभाइ वा इष्टमित्रको सहयोगले राम्रै काम बन्नेछ। व्यापारबाट राम्रो आम्दानी हुने, पठनपाठनमा सक्रियता बढ्ने, गरिरहेको रोजगारी वा व्यवसायबाट आत्मसन्तुष्टि मिल्नेछ। धन, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**कर्कट**
साताको शुरू आइतबारसम्म त्यति सन्तोषजनक छैन। छिमेकी-साथीभाइसँग विवाद, दुर्घटना, चोटपटक, रोगको भय, असफलता हुने देखिन्छ भने बाँकी सबै दिन उपलब्धिमूलक छन्। उपहार, सम्मान, पुरस्कार प्राप्तिको सम्भावना छ। व्यापार, ठेक्कापट्टा, पढाइ, खेलकुद आदिमा सफलता हासिल हुने, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता, फाइदाजनक भ्रमण, कार्य सफल हुने देखिन्छ। प्रयास सफल हुनेछ।

**सिंह**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। शुरूका दिनमा खाद्यसामग्री, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। सोमबार र मंगलबार अनि शुक्रबार निरर्थक धन र समयको नोक्सानी, मानसिक चञ्चलता, पेटको स्वास्थ्य समस्या पारिवारिक विवाद होला। बाँकी दिनहरू भने सुख-सन्तोष हुनेछ। आफ्नो व्यवसायबाट केही भए पनि आर्थिक लाभ हुने देखिन्छ।

**कन्या**
साताको मध्य अर्थात् मंगलबारसम्म तपाईंको भाग्य चम्किनेछ। अधुरा रहेका वा थालनी गरिएका कार्यहरू पूरा होलान्। आर्थिक लाभ हुनाले परिवारमा सुखशान्ति हुने, उत्तम भोजन पाइनेछ। स्वास्थ्य चुस्त-तन्दुरुस्त भएको अनुभूति हुने, पढाइ-लेखाइ वा पेसा व्यवसायमा सफलता हात पर्नेछ। तर बुधबारबाट भने साथीभाइसँग विवाद पर्ला, धन-सम्पत्तिको नोक्सानी हुने देखिन्छ।

**तुला**
तपाईंका लागि यो साता उत्तम फलदायक छ। शुभ मांगलिक कामको थालनी हुने, हरेक कार्य सफल हुनेछ। वैदेशिक यात्रा, बढुवा, अचल सम्पत्ति वृद्धिको सम्भावना छ। साथीभाइ-इष्टमित्रबाट ठूलै सहयोग पाइएला। आफ्नो व्यापार व्यवसाय वा पेसाबाट राम्रै आर्थिक लाभ हुने देखिन्छ। उन्नति-प्रगतिका लागि गरेका प्रयासहरू खेर जानेछैनन्। बोली बिक्नेछ।

**वृश्चिक**
साताको मध्यभाग धेरै उपलब्धिमूलक छ। अँटेका कामहरू पूरा होलान्। साथीभाइ-इष्टमित्रबाट राम्रै सहयोग पाइएला। खाद्यान्न प्राप्तिको सम्भावना छ। बौद्धिक क्षमताको प्रयोगले ठूलै काम बन्नेछ। सामान्य परिश्रमबाट राम्रै आम्दानी होला। तर साताको शुरूका दुई दिन राज्यका तर्फबाट डर, तिर्न बाँकी ट्याक्स तिर्न दबाब, मान-प्रतिष्ठामा कमी आउनेछ भने शुक्रबार चोटपटकको भय छ।

**धनु**
साता मिश्रित फलदायक छ। आइतबारसम्म द्रव्यलाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मानमा वृद्धि, ठूलै उपलब्धिको सम्भावना छ। तर सोमबार र मंगलबार परिवार-इष्टमित्रमा विवाद सृजना हुने, व्यर्थमा दौडधुप हुने, दिनचर्या अस्तव्यस्त हुनेछ। त्यसपछिका दिनहरूमा भने गरेका कामहरू सफल हुने, लगानीबाट लाभांश पाइने, व्यापारिक कारोबारबाट लाभ मिल्ने, खेल-परीक्षा आदिमा सफलता मिल्नेछ।

**मकर**
यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगिताहरूमा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। प्रेमी-प्रेमिकामा प्रगाढता, विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। बुधबारबाट भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, व्यवसाय वा जगिरमा बाधा व्यवधान प्रतिष्ठामा आँच आउन सक्छ।

**कुम्भ**
तपाईंका लागि यो साता शुभ फलदायक छ। शुभ मांगलिक काम हुनेछ। अँटेका र गरेका कार्यहरू सफल हुनेछन्। रोजगार, वैदेशिक यात्रा, बढुवा, सम्पत्ति वृद्धिको सम्भावना छ। परिवार, साथीभाइ, इष्टमित्रबाट सहयोग पाइएला। व्यापार व्यवसाय वा गरिरहेको पेसाबाट राम्रै आम्दानी हुने देखिन्छ। समय शुभ भएकाले सबैको वाहवाही भइनेछ भने मान-सम्मानमा वृद्धि होला।

**मीन**
तापाईंका लागि साताको शुरू शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरू शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता हासिल हुने देखिन्छ।